


**पुस्तक :** अतीतका पाना
**लेखक** : शिव रेग्मी
**प्रकाशक** : रत्न पुस्तक भण्डार
**पृष्ठ** : १९१
**मूल्य** : रु. १७५/-
**प्रकाशन मिति** : २०६३

*अतीतका पाना* शिव रेग्मीद्वारा लिखित अनुसन्धानमूलक पुस्तक हो । पुराना साहित्यिक पत्रिकाबारे लेखिएका पूर्वप्रकाशित फुटकर लेखहरूको सङ्ग्रह हो यो पुस्तक । यसमा सङ्कलित लेखहरूले नेपाली साहित्यिक पत्रिकाको अतीततिर डोऱ्याउँछन् । यस पुस्तकमा वि.सं. १९५५ मा प्रकाशन सुरु भएको पहिलो नेपाली पत्रिका *सुधासागर*देखि २०३८ सालमा निस्केको *वाणीसाधना*सम्मका पत्रिकाको नालीबेली केलाइएको छ । यसमा जम्मा ४७ ओटा लेखहरू छन् र ती हरेकले कुनै एक पत्रिकाको चर्चा गर्छन् । त्यसबाहेक परिशिष्टका रूपमा साहित्यिक प्रकाशनलाई सघाउने संस्था बारेका तीन लेख राखिएको छ । तिनले छापाखाना, नेपालका प्रकाशन संस्थाहरू र २००७ सालअघिको प्रकाशनसम्बन्धी कानुनी व्यवस्थालाई समेटेका छन् ।

पहिलो लेख नेपाली पहिलो पत्रिका *सुधासागर*बारे छ । वास्तवमा *सुधासागर* पत्रिकाको प्रकाशन कहिले भयो भन्ने कुरामा एक मत पाइँदैन । यसका अङ्कहरू अहिले उपलब्ध पनि छैनन् । *सुधासागर*बारे प्रकाशित एक विज्ञापनले मात्र यो पत्रिका १९५५ साउनदेखि प्रकाशित भएको पुष्टि गर्दो रहेछ । *नलोपाख्यान* नामक उपन्यासको भित्री आवरण पृष्ठमा छापिएको उक्त विज्ञापन यस्तो रहेछ :

"यो बडो खुशी को बात भया को छ कि हाम्रा गोर्खा भाषा मा पनी ५५ सालका श्रावण महिना देखिन "सुधासागर" भन्या मासीकपत्र निस्क्या को छ, जस मा अनेक तरह का बिघ्न आनन्द दिन्या श्लोक-कथा हरू स्मेत हाली प्रकाश हुन्छ ।" यस्ता उद्धरणमार्फत आफ्ना तर्क र भनाइलाई रेग्मीले पुष्टि गरेका छन् । यी उद्धरणले तत्कालीन नेपाली भाषाको स्वरूपलाई चिनाउँदै भाषामा आएको परिवर्तनलाई पनि प्रस्टयाउँछन् ।

दोस्रो लेखमा १९६३ सालमा बनारसबाट निस्केको *सुन्दरी* पत्रिकाको चर्चा छ । यो पत्रिका एक वर्ष तीन महिना चली बन्द भएको उल्लेख छ । *सुन्दरी* पत्रिकाले जातीय स्वाभिमान जगाउने र सुधार उन्नति फिँजाउने अभियानलाई आफ्नो लक्ष्य बनाएको तर ११ महिना निस्केर बन्द भएको लेखकले बताएका छन् । त्यसपछिका लेखहरूमा लेखक रेग्मीले *माधवी, गोर्खाली, चन्द्रिका, उद्योग, साहित्य स्रोत, हिमाद्रि, भारती, प्रभात, नेपाल सांस्कृतिक परिषद् पत्रिका, जागृति, प्रगति, परोपकार, कोसेली, जनसाहित्य, नवनिर्माण, इन्द्रेनी, धरती, जुनेली, साहित्य संगम, प्रहरी, इन्दु, कविता, दर्पण, शक्ति, हिमाली कलाकार, धौलागिरि, बगैँचा, फूलपाती, मालिंगो, नयाँ कविता, कविता, पारिजात, त्रिफला, बिम्ब, धूपी, संगीत सरिता, माधुर्य, अक्षर, सिर्जना, सन्दर्भ, बाछिटा, अध्ययन, प्रस्तुति, वाणीसाधना*बारे बेलिविस्तार लाएका छन् ।

*माधवी* १९६५ सालमा सुरु भएको पत्रिका हो । यो राममणि आदीको एकल अभियानमा निस्केको थाहा हुन्छ । उनले आफूले त विभिन्न लेख लेखेका छन् नै, अनेक छद्म नाममा समेत लेख लेखेर छपाएको भन्ने प्रसङ्ग पुस्तकमा उल्लेख छ ।

नेपालभन्दा पहिला नेपाली पत्रकारिताको अभ्यास भारतमा भइसकेको थियो । मोतीराम भट्टको सम्पादनमा १९४३ सालमा *गोर्खा भारत जीवन* नामक पत्रिका बनारसबाट निस्कन्थ्यो । सन् १९०१ मा पादरी गंगाप्रसाद प्रधानले *गोर्खे खबर कागत* कलकत्ताबाट निकाल्न सुरु गरे । साहित्यिक पत्रकारितामा पनि भारतीय भूमि उर्वर नै देखिन्छ । २००७ सालअघि नै *सुन्दरी, गोर्खाली, तरुण गोर्खा, हिमाद्रि, चन्द्रिका, भारती, प्रभात* आदि पत्रिका बनारस, कलकत्ता, दार्जिलिङ, खरसाङ आदि स्थानबाट प्रकाशन भएका थिए ।

१९९२ सालमा नेपालमा उद्योग व्यवसाय नफस्टाएको बेलामा पनि *उद्योग* नामको पाक्षिक पत्रिका प्रकाशनमा आएको थियो । पुस्तकमा उल्लेख भएअनुसार यो नेपालको उद्योग व्यवसायसम्बन्धी पहिलो पत्रिका हो । उद्योग व्यवसायसम्बन्धी लेख रचनाले मात्रै पत्रिका नचल्ने भएपछि साहित्यिक सामग्री पनि यसमा समेट्न

थालियो । यसलाई पछि पाक्षिक बनाइयो । सरकारी स्तरबाट वार्षिक रु. ९०० आर्थिक सहयोग पाउँदापाउँदै यो पत्रिका बन्द भयो । यो पनि आर्थिक कठिनाइ र ग्राहकको कमीले गर्दा बन्द भएको रेग्मीले उल्लेख गरेका छन् ।

रेग्मीले २००४ सालमा नेपाली साहित्य परिषद्ले निकालेको मासिक मुख पत्र *साहित्य स्रोत*को पनि चर्चा गरेका छन् । एक वर्षमा आठ-नौ अङ्क निस्केपछि दुई वर्ष बन्द भयो र फेरि एक र दुई अङ्क निस्केपछि यो सदाका लागि बन्द भयो । यद्यपि यस पत्रिका प्रकाशनका लागि छुट्टै कार्यकारी समिति बनाइएको थियो जसमा प्रधान सम्पादक, उप-सम्पादक र व्यवस्थापक चयन गरी जिम्मेवारी छुट्ट्याइएको थियो । यति हुँदाहुँदै पत्रिकाले निरन्तरता पाउन सकेन ।

नेपालीमा कर्तव्यको चेतना जागृत गर्ने उद्देश्यले २००९ सालमा *जागृति* पत्रिका शारदाप्रसाद उपाध्यायको सम्पादनमा प्रकाशित भएको थियो । यो पत्रिका पनि २०१० फागुनमा ११ अङ्क प्रकाशित भई बन्द भयो । शिव रेग्मीले यसका अङ्कमा के के छापिएका थिए भन्ने चर्चा गरेका छन् । यसको अन्तिम अङ्कमा कथा, कविता, निबन्ध, पुस्तक समीक्षा आदि प्रकाशित छन् । डेढ वर्ष अवधिको नेपाली साहित्यको इतिहास अध्ययन गर्न यसका ११ अङ्क पल्टाएर हेर्नैपर्ने जोड रेग्मीको छ । प्रत्येक अङ्कमा विविध विषय समावेश गरेर स्तरीय सम्पादकीय छाप्नु यस पत्रिकाको विशेषता देखिए पनि आर्थिक अभावको महामारीले यसलाई पनि छोडेन ।

२००९ सालमै *प्रगति* साहित्यिक पत्रिका पहिले मासिक र केही समयपछि नै द्वैमासिक रूपमा निस्केको थियो । २०१६ सालमा यसले विश्राम लिँदा यसका १६ अङ्क पुगिसकेका थिए । २०२७ सालमा यसलाई पुनर्जीवन दिने प्रयास गरियो र जम्मा चार अङ्क निस्केपछि यसको प्रकाशन रोकियो । रेग्मी यसले थोरै अङ्कमा धेरै सफलता प्राप्त गर्नुमा *शारदा* पत्रिकाको अप्रत्यक्ष योगदान रहेको ठान्छन् । एकातिर *शारदा*कालीन लेखक कविको एक जमात थियो भने अर्कातिर *शारदा* यसैताका सुस्ताउन थालेको थियो । तर त्यो जमातले कसरी काम गर्‍यो भन्ने उल्लेख गरेका छैनन् । आ-आफ्नो लेख दिनुबाहेक अन्य के के गरी *प्रगति*लाई अघि बढाउन सघाए भन्ने जानकारी यस लेखबाट पाइँदैन । बरु *शारदा* त्यति बेला सुस्ताउन थालेको भएर एक जमात त्यता लागेका हुन् कि भन्ने अनुमान चाहिँ गर्न सकिन्छ । *शारदा*ले हिन्दी बङ्गाली साहित्यको अनुवाद गरेजस्तै *प्रगति*ले अङ्ग्रेजी साहित्यको अनुवाद गरेको रहेछ । तीर्थराज तुलाधरले अङ्ग्रेजी सामग्रीलाई अनुवाद गरेको भनिएको छ । उनले के-कस्ता कृति अनुवाद गरेका थिए भन्ने चाहिँ लेखकले उल्लेख गरेका छैनन् । *प्रगति*बारेकै अर्को लेखमा रेग्मीले *प्रगति*को

छैटौं अङ्कबारे रोचक जानकारी प्रस्तुत गरेका छन्। उक्त अङ्कका लागि शङ्कर लामिछानेले तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालासँग अन्तर्वार्ता लिएका थिए। कोइराला पनि साहित्यकार र साहित्यप्रेमी भएको नाताले उनले यो अङ्कको सम्पूर्ण खर्च बेहोर्ने बचन दिएछन्। लेख रचना सामग्री बटुली सम्पादनको प्रक्रिया समेत पूरा गरी पटनामा छपाउन पठाइयो। छापिइसक्दा उनी प्रधानमन्त्री पदबाट हटिसकेकोले उनीसँग पैसा पनि मागिएन, उक्त अङ्क पटनाबाट झिकाउने प्रयास पनि भएन र त्यो पटनाको प्रेसबाटै लिलाम भयो। तसर्थ भगीरथ प्रयत्न गर्दा पनि लेखक रेग्मीले त्यस अङ्क भेट्टाउन सकेनछन्।

द्वैमासिक पत्रिकामा *साहित्य संगम, इन्दु, शक्ति, फूलपाती, बगैँचा, हिमाली कलाकार* आदिको चर्चा पछिल्ला लेखहरूमा गरेका छन् लेखक रेग्मीले। यिनीहरूको प्रकाशनमा पनि लामो निरन्तरता देखिँदैन। साहित्यमा छलफल र वादविवाद आवश्यक छ भन्दै स्वस्थ आलोचनाको विकासका निम्ति *इन्दु* र *बगैँचा* उदाएका थिए। तर यी दुवै पत्रिकामा पनि वैचारिक द्वन्द्व आलोचना राम्रोसँग फस्टाउन नपाउँदै बन्द हुन पुगे। *इन्दु* द्वैमासिक पत्रिका २०१७ वैशाखमा सुरु भएर सोही साल बन्द भयो। २०१८ सालमा *बगैँचा*ले तत्कालीन राजा महेन्द्रको कविता सङ्ग्रह *उसैको लागि* माथि आलोचना गरिएको लेख प्रकाशित गरेबापत विशेष परिस्थिति ऐन २०१७ को दफा लगाई सम्पादक पुष्कर लोहनीलाई थुनामा समेत राखिएको थियो। त्यो आलोचना कस्तो थियो भन्नेबारे भने रेग्मीले केही पनि बताएका छैनन्।

लक्ष्मण किरणको सम्पादनमा निस्केको *त्रिफला* (२०२६) पत्रिका तीन वर्षमा पाँच अङ्क निस्केको भन्ने छ तर यो कस्तो पत्रिका हो, मासिक, द्वैमासिक या पाक्षिक के हो भन्ने पनि थाहा हुँदैन। यसले प्रस्तुत गरेका सामग्री नयाँ किसिमका थिए। यसका अङ्कहरू पुरुष, नारी, प्रेम, यौनका विशेषाङ्कका रूपमा प्रकाशित थिए। रेग्मीले विसङ्गति र विकृतिको चापमा परेको नेपाली समाजलाई यौन विशेषाङ्क दिएर यसले गुण लाएको थियो भनेका छन्। अभि सुवेदीद्वारा सम्पादित *धुपी* (२०२७) पत्रिका अलि बेग्लै खालको थियो। यसले समसामयिक तथा अन्तर्राष्ट्रिय साहित्यको गतिविधिमा बढी चाख र रुचि राखेको थियो। अनुदित अफ्रिकी कविता पनि यसमा छापिएको थियो। यस प्रकार रेग्मीले साहित्यिक पत्रिकाका विभिन्न आयाम खोतलेका छन्।

पुस्तकको अन्तमा परिशिष्टका रूपमा तीन लेख छन्। यी लेखले प्रकाशन संस्था, छापाखानाको इतिहास र अन्य विविध जानकारी दिन्छन्। यिनमा भएको जानकारीअनुसार छापाखानाको इतिहास १९१९ सालदेखि सुरु भएको देखिन्छ।

१९०८ सालमा जङ्गबहादुरको पालामा प्रेस भित्रिएको हो तर त्यसलाई कहाँ के गरियो थाहा हुन सक्तैन भन्छन् रेग्मी । पछि मनोरञ्जन प्रेसबाट *मोक्षसिद्धि* भन्ने पुस्तक निस्कियो ।

यी विभिन्न पत्रिकाको इतिवृत्तबाट निस्कने सरल निष्कर्ष के हो भने साहित्यिक पत्रिका अनगिन्ती निस्केका छन् । तर तीमध्ये धेरैजसोले अल्पकालीन मृत्युवरण गर्न पुगे । कुनै पत्रिका त एक अङ्क मात्रै निस्के । कविवर सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, दान खालिङ, हर्ष धौभडेल गरी चार प्रख्यात कविको संयुक्त सम्पादनमा निस्केको *कविता* पत्रिका यसको उदाहरण हो ।

पुरानो पत्रिकामा चालचलनको भाषा र अहिलेको भाषामा आएको ठूलो परिवर्तन पनि यो पुस्तकले प्रस्टयाएको छ । पत्रपत्रिकाको विवरण भएको यस पुस्तकमा उपलब्ध विभिन्न पत्रिकाको तस्बिर राख्न पाएको भए सुनमा सुगन्ध हुन्थ्यो । लेखमा प्रस्तुत गरिएको विषयवस्तु व्याख्या र विश्लेषण गर्ने शैलीमा एकरूपता छैन । कुनै पत्रिकाको चर्चा गर्दा लेखकको सूचीसमेत दिइएको छ भने कुनैमा प्रति अङ्कको मूल्य, वार्षिक ग्राहक शुल्क जस्ता जानकारी समेत छैन । बेग्लाबेग्लै सन्दर्भमा लेखिएका र बेग्लाबेग्लै स्थानमा प्रकाशित भैसकेका यी लेखको एक्लाएक्लै अस्तित्व त छ । तर पुस्तकको रूपमा यी आपसमा बाँधिन सकेका छैनन् । एउटा भूमिका या परिचयमार्फत यी लेखलाई पृष्ठभूमिमा बाँध्न सकेको भए उत्तम हुन्थ्यो । साथै, एकपछि अर्को लेख पढ्दा केही कुराहरू दोहोरिएको पनि पाइन्छ । यसलाई स्वयं लेखकले पनि 'यो यस्तै भयो' शीर्षकको आफ्नो भनाइमा स्वीकारेका छन् । यी लेख पहिले कहाँ कुन मितिमा छापिएका थिए भन्ने जानकारी पनि यहाँ दिइएको छैन। अर्कातिर कुन पत्रिका किन समेटियो र कुन पत्रिका किन समेटिएन भन्ने कुराको कुनै तर्कसङ्गत जवाफ पनि पुस्तकले दिन सकेको छैन । साहित्यिक पत्रकारिताको लामो इतिहासमा सबैले सम्झिने *शारदा, रूपरेखा, नेपाली* लगायतका पत्रिकाबारेको लेख यहाँ परेका छैनन् ।

जानकारीको हिसाबले महत्त्वपूर्ण हुँदाहुँदै पनि व्याकरणीय र शुद्धाशुद्धसम्बन्धी अनगिन्ती त्रुटिले पुस्तकको स्तर खस्काएको छ । लेखक रेग्मीको प्रस्तुति केही ठाउँमा अलि बढी नै सूत्रात्मक देखिन्छ । जस्तै, *प्रगति*लाई राजा त्रिभुवनले पैसा दिएको बुझिन्छ भनेका छन् । उनले कसरी बुझियो भन्ने स्पष्ट छैन । *उद्योग* पत्रिकामा लक्ष्मीनन्दन चालिसेद्वारा लिखित 'वीरध्वज' शीर्षक लेख प्रकाशन गरेबापत पत्रिका जफत गरिएको र रु. ५० दण्ड तिर्नुपरेको उल्लेख गरेका छन् । तर यो लेखमा के त्यस्तो सामग्री थियो र यस्तो घटना भयो भन्ने जानकारी

पुस्तक पढ्दा थाहा हुँदैन । यस्ता सन्दर्भहरू अरू पनि छन् । उपलब्ध सीमित सामग्रीको भरमा मात्रै धेरै प्रस्ट्याउन र व्याख्या गर्न नसकिएकाले पनि यस्तो भएको हुन सक्छ । साहित्यिक पत्रिका जन्मदै मर्दै गरेको उदाहरण अनगिन्ती पाइन्छन् । लेखकले साहित्यिक पत्रिकाले निरन्तरता नपाउनुमा आर्थिक कारणलाई मात्रै जिम्मेवार भएको देखाएका छन् । तर सत्य त्यति मात्रै नहुन सक्छ । साहित्यिक पत्रिकाले आफ्नो बजार प्रवर्द्धन गर्न नसकेको पनि सत्य हो । यद्यपि त्यसरी पत्रिका निस्कने र बन्द हुने क्रम निरन्तर छ । पैसा भएका बेला निकाल्ने र घाटा खाई पत्रिका चलाउने मोह दीर्घकालीन हुनै सक्दैन । तसर्थ, बजार प्रवर्द्धनसम्बन्धी दक्षताको कमी पो महत्त्वपूर्ण कारण होला कि ! नत्र शिक्षा मन्त्रालयको प्रकाशन *जागृति*, सरकारबाट वार्षिक रु. ९०० पाउने *उद्योग*, राजा त्रिभुवनबाट समेत आर्थिक सहयोग पाएको *प्रगति* जस्ता पत्रिका बन्द नहुनुपर्ने थियो ।

पत्रिका निस्कने र केही अङ्कपछि बन्द हुने महामारीले विगतका साहित्यिक पत्रिका अत्यधिक ग्रस्त भएको यो पुस्तक पढेपछि थाहा हुन्छ । सम्पादक हुने मोहका कारण पनि नयाँनयाँ पत्रिका निस्केको अनुमान गर्न सकिन्छ । किनभने यसबाट पनि एक खालको सामाजिक प्रतिष्ठा आर्जन गर्न सकिन्छ । विभिन्न गुट र उपगुटका कारण पनि धेरै पत्रिका निस्केका हुन सक्छन् । नत्र छरिएका यस्ता छुट्टाछुट्टै प्रयासको सट्टा एक जुट भई एउटै मात्र पत्रिका निकालेको भए पत्रिका गुणस्तरीय र दीर्घजीवी हुन सक्थ्यो ।

निरन्तरताका लागि साहित्यकारहरूका कथा, कविता र निबन्ध बटुलेर प्रकाशन गर्नु मात्र पर्याप्त छैन । साहित्यमा रुचि राख्ने र व्यवस्थापनसम्बन्धी राम्रो ज्ञान भएको व्यक्तिको खाँचो त्यति बेलाको समाजले नदेखेको पाइयो । यस्तो खाँचो अहिले पनि छ । सधैँ अरूको अनुदानमा भर पर्नुभन्दा बिस्तारै आफ्नै खुट्टामा उभिनु बेस हुन्छ । ग्राहकको अभाव भएको सन्दर्भलाई केही पत्रिकाले गुनासो गर्दै सूचनासमेत छापेका छन् । विज्ञापनविना पत्रिका चल्न नसक्ने हो भने त्यस बेलाको अवस्थामा विज्ञापनको हिसाबले कमजोर हुनु आश्चर्यको विषय नै होइन । निरन्तरता दिन कसैकसैले बेलाबेलामा पत्रिकाप्रति प्रतिबद्धता जनाउनै पर्छ । सम्पादकलगायत अरू व्यक्तिको संलग्नतामा कमी भएमा पनि पत्रिकाले निरन्तरता पाउँदैन ।

नेपाली साहित्य अध्ययन/अनुसन्धान गर्नेलाई यो पुस्तक निकै उपयोगी छ । साथै, साहित्यिक पत्रिकाको प्रकाशनमा लागेका वा लाग्न चाहने साहित्यकार तथा व्यवसायीले पनि यसको अध्ययनबाट मनग्ये लाभ लिन सक्छन् । किनकि

एकपछि अर्को पत्रिका जन्मने र मर्ने विगतको प्रवृत्तिबारे जान्न र त्यसको कारण खोतल्दै आफ्नो रणनीति तय गर्न यसले मद्दत पुऱ्याउँछ । जे होस्, रेग्मीले नेपाली साहित्यिक पत्रिकाबारेको विवरण पस्केर भोलिका अध्येताका लागि पनि जग खडा गरिदिएका छन् । गोविन्दराज भट्टराईले पुस्तकको भूमिकामा भनेझैँ शिव रेग्मी नेपाली साहित्यिक पत्रकारिताको साँच्चै एउटा जीवन्त सङ्ग्रहालय हुन् र त्यससम्बन्धी ज्ञानलाई अध्ययन र विश्लेषण गरी निरन्तर रूपले प्रकाशनमा ल्याइरहने नेपाली साहित्यलाई सम्बल दिने साधक हुन् । वास्तवमा शिव रेग्मीले नेपाली वाङ्मयलाई पुस्तकको प्रकाशनमार्फत ठूलो गुन लाएका छन् ।

**संगीता पाण्डे**
मार्टिन चौतारी